सर्वोच्च अदालत, एकल इजलास
माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह
आदेश
०७०-WO-०३५४
विषय:- परमादेश ।

नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनका अ.प्रा. अधिवक्ता ध्रुवप्रसाद भट्टराई....................................................................................निवेदक

विरुद्ध

नेपाल कम्युनिष्ट पार्टी-माओवादी समेत.....................................................विपक्षी

यसमा के कसो भएको हो र निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने कानून बमोजिमको कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र आफै वा आफ्नो वारेश वा कानूनबमोजिमको प्रतिनिधी मार्फत लिखित जवाफ लिई उपस्थित हुनु भनी विपक्षीहरुलाई रिट निवेदनको एक प्रति नक्कल साथै राखी सूचना म्याद पठाउनु ।

साथै, अन्तरिम आदेश मांगको सम्वन्धमा विचार गर्दा प्रत्यर्थी नेपाल कम्युनिष्ट पार्टी-माओवादीको मिसिल संलग्न वेबसाइटको प्रतिलिपी, विभिन्न सञ्चार माध्यममा सो आधारमा प्रकाशित समाचार सामग्री, गृह मन्त्रालयबाट सो सम्वन्धमा प्रकाशित सूचना समेतबाट प्रत्यर्थी नेपाल कम्युनिष्ट पार्टी-माओवादीद्वारा जारी मिति २०७०।६।११ को प्रेस विज्ञप्ति हेर्दा विभिन्न ३३ दल समेतका मोर्चा बनाई संविधान सभाको मंसीर ४ मा हुने निर्वाचनलाई बहिष्कार गर्ने तथा मिति २०७०।७।२५ देखि मिति २०७०।८।५ सम्म आम हड्ताल तथा नेपाल बन्द गर्ने लगायतका कार्यक्रम गर्ने भनी सो दलको वेबसाइटमा प्रकाशित सूचनाबाट देखिन्छ । निर्वाचन आयोगमा विधिवत दर्ता भएको राजनीतिक दल वा दर्ता नभएको अन्य संगठन समूहले शान्तिपूर्ण ढंगबाट आफ्नो मांग पूरा गराउन कुनै आन्दोलन वा हड्ताल गर्न पाउने अधिकार राख्ने भएपनि आफ्नो सो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा आघात वा हनन नहुने गरी गर्न पाउने हुन्छ र यसो गर्दा अन्य नागरिक र सामान्य जनताको

अधिकारको रक्षा गर्नुपर्ने हुन्छ । प्रत्यर्थी पार्टी र यसमा संलग्न अन्य दल र यस्का पदाधिकारीले सरकार समक्ष मांग राखी हड्ताल गर्दा नागरिक र आम जनतालाई असुविधा वा अधिकारमा आघात पुग्ने नपुग्ने कुराको सदैव ख्याल राख्नुपर्ने हुन्छ । नेपाल सरकारद्वारा संविधान सभाको निर्वाचन मिति २०७०।८।४ मा निर्धारित गरिएको र तदनुरुप निर्वाचन आयोगले सो मितिमा निर्वाचन कार्यक्रम प्रकाशन गरी निर्वाचन मिति नजिक आईसकेको अवस्थामा प्रत्यर्थी दल वा त्यसका कार्यकर्ताले सो निर्वाचनमा आफ्नो मताधिकारको प्रयोग गर्न नचाहे सो गर्न पाउने हुन्छ । तर अन्य नागरिक र मतदाताको मताधिकार प्रयोग गर्न पाउने हकमा आघात गर्न पाउने वा मताधिकार प्रयोगबाट अरुलाई रोक्न पाउने हक प्रत्यर्थी लगायत कसैलाई हुँदैन । प्रत्यर्थीहरुबाट जारी मिति २०७०।६।११ को प्रेस विज्ञप्ति र सो पछिको विभिन्न काम कारवाहीबाट आम हड्ताल र नेपालभर यातायात सञ्चालनमा रोक लगाउने गरी कार्यक्रम गरिएको भन्ने निवेदनबाट देखिन्छ । नेपालको अन्तरिम संविधानको धारा १२(३) (ङ) मा "प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र ऐ.(च) मा कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता" प्रत्याभूत गरेको छ भने संविधानसभा निर्वाचन (अध्यादेश) २०७० लगायत निर्वाचन सम्वन्धी अन्य कानूनी व्यवस्थाहरुबाट नेपालका प्रत्येक मतदाताले निर्वाचनमा आफ्नो मताधिकारको प्रयोग कसैको प्रभाव वा दबाबमा नपरी स्वतन्त्रतापूर्वक गर्न पाउने अधिकार सुनिश्चित गरिएको छ । प्रत्यर्थीहरुबाट घोषित यातायात सञ्चालन गर्न नपाउने गरी नेपाल बन्दको घोषणा र कार्यबाट नागरिकको आफ्नो मुलुकभर स्वतन्त्रतापूर्वक आवतजावत गर्न, बसोबास गर्न, पेशा रोजगार, उद्योग र व्यापार गर्न पाउने तथा एक ठाउँको मतदाताले आफ्नो निर्वाचन क्षेत्रमा गई मतदान गर्न पाउने अधिकारबाट वञ्चित हुने भई नागरिक र मतदाताको संविधान एवं कानूनद्वारा प्रत्याभुत सो अधिकार कुण्ठित हुन जाने हुन्छ । साथै प्रत्यर्थीको सो काम कारवाहीबाट नागरिक र आम जनता तथा प्रत्यर्थी र निजको कार्यकर्ताहरुबीच द्वन्द र संघर्षको अवस्था उत्पन्न हुने भई देशमा अशान्ति उपद्रव र जनधनको नोक्सानी समेत हुन सक्ने अवस्था भएकाले यस्तोमा राष्ट्रिय नोक्सानी रोक्नका लागि अन्तरिम आदेश जारी गर्न अदालतको अधिकार मात्र नभई कर्तव्य पनि हुन आउँछ । त्यसैले नागरिक र आम जनताको संविधान र कानून प्रद्धत्त अधिकारको संरक्षणका लागि तथा अशान्ति, उपद्रव र जनधनको क्षति हुनबाट रोक्न आवश्यक देखिएको साथै प्रत्यर्थीहरुबाट सञ्चालन गरिएको नेपाल बन्द लगायतको कार्यबाट निवेदक लगायत प्रत्येक नागरिक र मतदाता समेतको संविधान र कानून प्रदत्त हकमा अपूरणीय क्षती हुने हुँदा सो नेपाल बन्द लगायतका कुनै काम कारवाही कार्यक्रम नगर्नु नगराउनु, अविलम्व सो नेपाल बन्द र हड्ताल लगायतको कार्य तत्काल प्रभावी हुने गरी रोक्नु भनी प्रत्यर्थीहरुका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को

नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ । आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिई अरुमा कानूनबमोजिम गर्नु ।

न्यायाधीश

इति सम्वत् २०७० साल कार्तिक २६ गते रोज ५ शुभम् .....................................।